पटेर्वा सुगौली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा
प्रदेश नं. २, नेपाल

# यान्त्रिक उपकरण आपूर्तिसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

*(प्रथमपटक सूचना प्रकाशित भएको मितिः २०७५/०७/०७)*

१. यस कार्यालयलाई तपसिलमा उल्लिखित यान्त्रिक उपकरणहरू आवश्यक परेकोले योग्य फर्म/कम्पनीहरूबाट खरिद गर्न यो दरभाउपत्र आह्वान गरिएको छ।

२. योग्य फर्म/कम्पनीहरूले यससम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्रसम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सक्नेछन्।

३. यो सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकारप्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनीको दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७३-०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियमानुसारको तपसिलमा उल्लेख भएको दस्तुर (पछि फिर्ता नहुनेगरी) निवेदन साथ पेश गरेपछि नियमानुसार सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइनेछ।

४. सिलवन्दी गरिएको दरभाउपत्र यस कार्यालयमा सूचना प्रथमपटक प्रकाशित मितिदेखि १६ औं दिन दिउँसो १२:०० बजेभित्र बुझाउनुपर्नेछ। ढिलोगरी प्राप्त भएमा स्वीकार गरिने छैन। अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछि कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ।

५. तोकिएको समयभित्र पेश भएका दरभाउपत्रहरू उपस्थित हुन चाहेका प्रस्तावकहरू वा निजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा सूचना प्रथमपटक प्रकाशित मितिदेखि १६ औं दिन दिनको २:०० बजे खोलिनेछ। प्रस्तावक वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन।

६. सिलबन्दी दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी ४५ दिनसम्मको लागि मान्य हुनेछ। सिलबन्दी दरभाउपत्रको साथ जमानतबापतको धरौटी रकम सानिमा बैंक, पटेर्वा सुगौलीस्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नम्बर ०६४०००००००३२५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यताप्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नुपर्नेछ।

७. सिलबन्दी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ।

८. कुनै वा सबै सिलबन्दी दरभाउपत्र, पूरै वा आंशिकरूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहनेछ।

९. यस सूचनामा उल्लेख नभएका अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ।

१०. सिलबन्दी दरभाउपत्रको कामको विवरण निम्न अनुसार छ।

| ठेक्का नं. | कामको विवरण | सङ्ख्या | धरौटी रकम रू | फारम दस्तुर (फिर्ता नहुनेगरी) रू. |
|---|---|---|---|---|
| ०३/२०७५/०७६ | मोटरसाइकल अनुमानित १५० सि.सी. (दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ६ (छ) | ३४,०००/- | १,०००/- |
| ०४/२०७५/०७६ | एम्बुलेन्स (दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | १ (एक) | २७,५००/- | १,०००/- |
| ०५/२०७५/०७६ | ट्रेक्टर ट्रेलरसहित (दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | १ (एक) | ४०,०००/- | १,०००/- |

*प्रमुख प्रशासकीय अधिकृत*